# सूर्योदय नगरपालिकाको कृषि तथा पशुपालन समूह दर्ता सम्बन्धी (प्रथम संसोधन) मापदण्ड तथा कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।११।२९ गते

**प्रस्तावना :** सूर्योदय नगरपालिका क्षेत्रभित्र कृषि तथा पशुपंक्षी मात्र नभएर विभिन्न विषयगत तथा लक्षित कार्यक्रमहरु समूहले सञ्चालन गरी थप प्रभावकारी तथा नतिजामूखी बनाउन वाञ्छनीय भएको साथै तीनै तहको सरकार तथा अन्य विकास साझेदारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने नितीगत व्यवस्था भएकोले,

सूर्योदय नगरपालिकाको कृषि तथा पशुपालन समूह दर्ता सम्बन्धी मापडण्ड तथा कार्यविधि २०७४ लाई प्रथम पटक संशोधन गर्न सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम सूर्योदय नगरपालिकाको कृषि तथा पशुपालन समूह दर्ता सम्बन्धी (प्रथम संसोधन) मापदण्ड तथा कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) मूल कार्यविधि भन्नाले सूर्योदय नगरपालिकाको कृषि तथा पशुपालन समूह दर्ता सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७४ सम्झनु पर्छ।

(ख) संघ संस्था नियमावली भन्नाले सूर्योदय नगरपालिकाको संघ संस्था नियमावली, २०८० सम्झनु पर्छ।

**३. प्रस्तावनामा संशोधन : मूल कार्यविधिको प्रस्तावनाको सट्टा देहाय बमोजिमको प्रस्तावना राखिएको छ।**

**प्रस्तावना:** व्यवसायिक रुपमा आय आर्जन हुने कृषि, पशुपालन आर्थिक विकासको नवप्रवर्तनको कार्यक्रमहरु, महिला, अपाङ्गता, जेष्ठ नागरिक, बालबालिका, उद्यमी, बिक्री, उत्पादन, बजारीकरण, जस्तो क्षेत्रमा समूह निर्माण गरी कार्य संचालन गर्दा थप प्रभावकारी नतिजामूखि तथा उपलब्धी मूलक हुने हुँदा स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**४. मूल कार्यविधिको बुदा ३ को (५) को सट्टा देहाय बमोजिमको बुदाँ (५) र (५क) राखिएको छ :**

५) समूहको सदस्य कम्तीमा ११ जना र बढीमा २९ जना सम्म रहनेछन्।

५क) समूहको कार्यसमितिमा ७ देखि ९ जना रहनेछन्।

**५. मूल कार्यविधिको बुदाँ ६ मा संशोधन : मूल कार्यविधिको बुँदा ६ को सट्टा देहाय बमोजिमको बुदा ६ राखिएको छ।**

६. जिम्मेवार अधिकारी र दर्ता प्रक्रिया : (१) सम्पूर्ण कागजात प्राप्त भए पछि कृषि समूहको कृषि विकास शाखा, पशु पंक्षी समुहको पशु सेवा शाखा र अन्य लक्षित कार्यक्रमसँग सम्बन्धित समूहको सो विषय हेर्ने विषयगत शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रक्रिया पूरा भएपश्चात् दर्ताको सम्पूर्ण प्रक्रिया संघ संस्था नियमावली को नियम ४ बमोजिम हुनेछ।